नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

पो.व.नं. : ३५८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या : क.प्र.(बोर्ड/संस्थान/छात्रवृत्ति) २०८३/८४
चलानी नं. : ६८९

मितिः २०८३/०८/०७
नेपाल संवत् ११४७

रोष्टर सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना।

यस मन्त्रालय अन्तर्गत रहेका तपसिल परिषद्/समितिहरुको देहाय बमोजिमको रिक्त सदस्य पदमा मनोनयनका लागि रोष्टर सूचीमा सूचीकृत हुन योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूलाई सूचीकृत हुन यस मन्त्रालयबाट पत्र संख्या क.प्र.(बोर्ड/संस्थान/छात्रवृत्ति)२०८३/८४, च.नं.६६०, मिति २०८३/०७/२० गते सूचना आव्हान गरेकोमा पर्याप्त मात्रामा आवेदन नपरेको हुँदा तल रहेको Google Form Link वा QR स्क्यान मार्फत मिति २०८३ मंसिर १४ गतेसम्म फाराम भर्न सकिने बेहोरा जानकारीका लागि अनुरोध छ।

क. सं.	परिषद्/समितिको नाम	रिक्त सदस्य संख्या	आवश्यक योग्यता (शैक्षिक योग्यता, उमेर, अनुभव लगायत)	कानूनी व्यवस्था
१	राष्ट्रिय बीउ बिजन समिति	८ सदस्य	बागबानी, खाद्यान्न, घाँसेबाली विज्ञानसँग सम्बन्धित विषयविज्ञ मध्येबाट कम्तीमा १ जना महिला सहित ३ जना, कृषि तथा पशु विज्ञान विश्वविद्यालयको कम्तीमा सहप्रध्यापकस्तरको बीज विशेषज्ञ १ जना, बीउ बिजन उद्यमीहरूमध्येबाट १ जना महिला सहित २ जना, बीउ बिजन उत्पादक र कृषकमध्ये कम्तीमा १ जना महिला सहित २ जना	बीउ बिजन ऐन, २०४५ को दफा ३ को खण्ड ३.२.७, ३.२.८, ३.२.९, ३.२.१० बमोजिम
२	राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समिति	५ सदस्य	सार्वजनिक निजी साझेदारीमा सञ्चालित दुग्ध जन्य पशुपालन फर्मका सञ्चालकहरू मध्येबाट १ जना, पेशागत वा विषय विशेषज्ञहरूबाट ४ जना	राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा ७(१)(झ) र (ठ) बमोजिम
३	राष्ट्रिय चिया तथा कफी विकास बोर्डको कार्यकारी समिति	४ सदस्य	निजी चिया तथा कफी किसानबाट १/१ जना र साना चिया तथा कफी किसानबाट १/१ जना	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को दफा ८(१)(ग) र (घ) बमोजिम
४	पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्	२ सदस्य	पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी मध्येबाट कम्तीमा १ जना महिला सहित २ जना	पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा ५(१)(ग) बमोजिम
५	नेपाल पशु चिकित्सा परिषद्	२ सदस्य	कम्तीमा "ख" श्रेणीको दर्तावाल पशु चिकित्सक २ जना	पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा १(ग) बमोजिम
६	प्लान्ट क्वारेन्टाइन समिति	५ सदस्य	कम्तीमा १ जना महिला सहित २ जना विशेषज्ञ, विषयगत अनुभव भएका कृषक, कृषि व्यवसायी वा कृषि उद्यमीहरूमध्येबाट कम्तीमा १ जना महिलासहित ३ जना	बिरूवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा ३(१)(छ) र (ज) बमोजिम

Google Form Link/Scan to Register

https://forms.gle/W2yErBbFg8z5t33e8

२०८३/०८/०६

(अनिल श्रेष्ठ)
शाखा अधिकृत

फोन नं. :- ४२११७०३, ४२११७३७, ४२११५५५, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८